प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १, विराटनगर, नेपाल

मितिः २०७७/११/०३

## प्रदेश नं. १ मा सञ्चालित स्वास्थ्य संस्थाहरुको ईजाजतपत्र लिने, नवीकरण गर्ने र नियमन सम्बन्धी जरुरी सूचना

जनस्वास्थ्य सेवा ऐन, २०७५ द्वारा प्रत्यायोजित अधिकार बमोजिम नेपाल सरकारद्वारा स्वीकृत गरी जारी गरिएको जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम १२ को उपनियम (२) सँग सम्बन्धित अनुसूची-९ को बुँदा नं. २ मा उल्लेखित स्वास्थ्य संस्थाहरूको प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको निकायबाट इजाजतपत्र लिनुपर्ने र नवीकरण गराउनुपर्ने प्रावधान अनुसार प्रदेश सरकार, मन्त्रिपरिपद्को मिति २०७७/१०/२८ गतेको निर्णय बमोजिम सामाजिक विकास मन्त्रालय र मातहतका निकायहरुलाई तपशिलमा उल्लेखित स्वास्थ्य संस्थाहरुको ईजाजत प्रदान गर्ने, ईजाजत पत्रको लागि सिफारिस गर्ने, अनुगमन र नियमन गर्ने जिम्मेवारी तोकिएकाले सोही अनुसार नयाँ स्थापना हुने सबै निजी, सरकारी, गैह्रसरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाहरुले ईजाजतपत्र लिनुहुन तथा नवीकरण गराउन बाँकी स्वास्थ्य संस्थाहरुले तोकिएको निकायमा सम्पर्क गरी नवीकरण गर्नुहुन सम्बन्धित सबै स्वास्थ्य संस्थाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै, उक्त निर्णय अनुसार ईजाजतपत्र नलिई र नवीकरण नगरी स्वास्थ्य संस्था सञ्चालन गरेको पाइएमा प्रचलित कानुन बमोजिम दण्ड, जरिवाना हुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

### स्वास्थ्य संस्थाहरूको ईजाजतपत्र र नवीकरणका लागि तोकिएका निकायहरू

| सि.नं | अस्पताल तथा स्वास्थ्य संस्थाको विवरण | ईजाजतपत्र लिनुपर्ने र नवीकरण गराउनुपर्ने निकाय | कैफियत |
|---|---|---|---|
| क) | २५ देखि २०० शैया सम्मका जनरल तथा विशेषज्ञ अस्पताल | १. २५ शैयाको जनरल तथा विशेषज्ञ अस्पतालको नवीकरण, ईजाजतका लागि सिफारिस, अनुगमन तथा नियमन सम्वन्धित जिल्लाका स्वास्थ्य कार्यालयले गर्ने।<br>२. २६ देखि ५० शैया सम्मका जनरल तथा विशेषज्ञ अस्पतालको नवीकरण, ईजाजतका लागि सिफारिस, अनुगमन तथा नियमन स्वास्थ्य निर्देशनालयले गर्ने।<br>३. ५१ देखि २०० शैया सम्मका जनरल तथा विशेषज्ञ अस्पतालको ईजाजतपत्र प्रदान, नवीकरण, अनुगमन तथा नियमन सामाजिक विकास मन्त्रालयले गर्ने। | सम्बन्धित स्वास्थ्य कार्यालयहरु तथा स्वास्थ्य निर्देशनालयले ईजाजतपत्रका लागि सामाजिक विकास मन्त्रालयमा सिफारिस गरी पठाउने। |

रतुवामाई नगरपालिका, मोरङ
दर्ता नं. २२८६
दर्ता मिति २०७७।११।१६



फोन नं. ०२१-४४२३८४ फ्याक्स नं. ०२१-५१४०८२ , इमेलः mosd1.health@gmail.com, website: mosd.p1.gov.np

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | ४. स्वास्थ्य कार्यालय र स्वास्थ्य निर्देशनालयको सिफारिस बमोजिम २५ देखि ५० शैया सम्मका जनरल तथा विशेपज्ञ अस्पतालको ईजाजतपत्र प्रदान सामाजिक विकास मन्त्रालयले गर्ने। | |
| ख) | २५ देखि ५० शैया सम्मका आयुर्वेद अस्पताल | १. २५ शैयाको आयुर्वेद अस्पताल नवीकरण, ईजाजतका लागि सिफारिस, अनुगमन तथा नियमन सम्वन्धित जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र/अञ्चल आयुर्वेद औपधालयले गर्ने।<br>२. २६ देखि ५० शैयाको आयुर्वेद अस्पताल नवीकरण, ईजाजतका लागि सिफारिस, अनुगमन तथा नियमन स्वास्थ्य निर्देशनालयले गर्ने।<br>३. सम्वन्धित जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र/अञ्चल आयुर्वेद औषधालय र स्वास्थ्य निर्देशनालयको सिफारिस बमोजिम २५ देखि ५० शैया सम्मका आयुर्वेद अस्पतालको ईजाजतपत्र प्रदान सामाजिक विकास मन्त्रालयले गर्ने। | सम्बन्धित जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र/ अञ्चल आयुर्वेद औषधालय र स्वास्थ्य निर्देशनालयले ईजाजतपत्रका लागि सामाजिक विकास मन्त्रालयमा सिफारिस गरी पठाउने। |
| ग) | डेन्टल क्लिनिक, विशेषज्ञ क्लिनिक, पोलिक्लिनिक | ईजाजत, नवीकरण, अनुगमन तथा नियमन सम्वन्धित जिल्लाका स्वास्थ्य कार्यालयले गर्ने। | |
| घ) | आँखा उपचार केन्द्र | ईजाजत, नवीकरण, अनुगमन तथा नियमन स्वास्थ्य निर्देशनालयले गर्ने। | |
| ङ) | "सी" वर्गको प्रयोगशाला | ईजाजत, नवीकरण, अनुगमन तथा नियमन प्रदेश जनस्वास्थ्य प्रयोगशालाले गर्ने | |
| च) | "ख" श्रेणीको रेडियो इमेजिङ्ग सेन्टर | ईजाजत, नवीकरण, अनुगमन तथा नियमन सामाजिक विकास मन्त्रालयले गर्ने। | |
| छ) | डायलासिस केन्द्र (२५ शैया सम्म) | ईजाजत, नवीकरण, अनुगमन तथा नियमन सामाजिक विकास मन्त्रालयले गर्ने। | |
| ज) | पुनर्स्थापना केन्द्र | ईजाजत, नवीकरण, अनुगमन तथा नियमन सम्वन्धित जिल्लाका स्वास्थ्य कार्यालयले गर्ने। | |
| झ) | हस्पिस सेन्टर | ईजाजत, नवीकरण, अनुगमन तथा नियमन स्वास्थ्य निर्देशनालयले गर्ने। | |



फोन नं. ०२१-४४२३८४ फयाक्स नं. ०२१-५३४०८२, इमेल: mosd1.health@gmail.com, website: mosd.p1.gov.np

Scanned with CamScanner

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

प्रदेश नं. १, विराटनगर, नेपाल

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं. १

नोटः

१) हाल प्रदेशको स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती सम्बन्धमा छुट्टै मापदण्ड नभएको कारण नेपाल सरकारको प्रचलित "स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका, २०७०" मा तोकिएको मापदण्ड अवलम्बन गरी स्वास्थ्य संस्थाहरुको ईजाजत र नवीकरण गरिने व्यहोरा समेत प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/९/२८ को निर्णयानुसार सबैमा सूचित गरिन्छ।

२) सामाजिक विकास मन्त्रालयले प्रदेश सरकारको कार्यक्षेत्रभित्र पर्ने माथि उल्लेखित सबै अस्पतालहरु तथा स्वास्थ्य संस्थाहरुको कुनैपनि समयमा अनुगमन, निरीक्षण र नियमन गर्न सक्नेछ।

२०७८।११।१३

आस्था थापा

नर्सिङ्ग अधिकृत



फोन नं. ०२१-४४२३८४ फ्याक्स नं. ०२१-५३४०८२, इमेल: mosd1.health@gmail.com, website: mosd.p1.gov.np

Scanned with CamScanner